नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मोरङ, विराटनगर

कार्यालय : ०२१ ५७६९०८
Website: daomorang.moha.gov.np

मिति : २०७९।०७।३०

## मतदानको दिन सवारी आवागमन सम्बन्धी सार्वजनिक सूचना ।

यही मिति २०७९ मंसिर ४ गते आइतवारका दिन हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष एवं शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्ने सन्दर्भमा श्री गृह मन्त्रालय, निर्वाचन सेलको च.नं.७८७ मिति २०७९।०७।२८ को पत्रसाथ प्राप्त निर्वाचन आयोग नेपालको **प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड,** २०७९ मा देहाय बमोजिमको व्यवस्था रहेको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(१) मतदानको दिन देहायको सवारी साधन प्रयोग गर्न सवारी अनुमति-पत्र लिनुपर्ने छैनः**

(क) बिरामी बोकेको एम्बुलेन्स,
(ख) खानेपानीको ट्याङ्कर,
(ग) दुध बोक्ने सवारी साधन,
(घ) दमकल,
(ङ) सूचना तथा प्रसारण विभाग वा प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय वा प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरण वा अन्य त्यस्तै प्रकृतिको नियामक निकायबाट जारी गरिएको प्रेस पास वा प्रचलित कानूनबमोजिम दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई सञ्चालनमा रहेका सम्बन्धित सञ्चारगृहबाट जारी परिचय-पत्र बाहक सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधन,
(च) दूरसञ्चार तथा केबल सेवाका लागि प्रयोग हुने सवारी साधन,
(छ) शव वाहन,
(ज) अस्पतालमा कार्यरत परिचय-पत्र प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको आवागमनका लागि प्रयोग हुने सवारी साधन,
(झ) निर्वाचन आयोगबाट जारी परिचय-पत्र बाहक पर्यवेक्षक, अवलोकनकर्ता, अनुगमनकर्ताले प्रयोग गर्ने सवारी साधन,
(ञ) फोहोरमैला ओसारपसार गर्ने सवारी साधन,
(ट) तरकारी, फलफूल तथा विद्युत सेवाका लागि प्रयोग हुने सवारी साधन,
(ठ) कूटनीतिक नियोग, यू.एन. एजेन्सी र द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार संस्थाहरुमा कार्यरत पदाधिकारी एवम् कर्मचारीले प्रयोग गर्ने निलो नम्बर प्लेट भएको सवारी साधन,
(ड) विदेशी पर्यटक मात्र बोकेको हरियो नम्बर प्लेट भएको सवारी साधन,
(ढ) सुरक्षाकर्मीले प्रयोग गर्ने सुरक्षा निकायको सवारी साधन,
(ण) आफू खटिएको मतदान केन्द्रसम्म जान र मतदान केन्द्रबाट फर्किनको लागि मतदान कार्यमा खटिने कर्मचारी तथा स्वयंसेवकले प्रयोग गर्ने सवारी साधन।

माथि उल्लेखित सवारी साधन मतदाता ओसारपसार गर्ने कामको लागि प्रयोग गर्न पाइने छैन ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मोरङ, विराटनगर

कार्यालय : ०२१ ५७६९०८
Website: daomorang.moha.gov.np

(२) अपाङ्गता भई आफैं हिंडडुल गर्न नसक्ने व्यक्तिको लागि बासस्थानदेखि मतदान केन्द्रसम्म र मतदान केन्द्रदेखि बासस्थानसम्म आवतजावत गर्न अवधी कायम रहेको पूर्ण अशक्त वा अति अशक्त अपाङ्गता परिचय पत्र (क र ख वर्ग) को आधारमा सवारी साधनको प्रयोग गर्न सकिनेछ । सो को लागि सम्बन्धित वडा कार्यालयको सिफारिसमा निर्वाचन अधिकृतबाट अनुमति पत्र लिनुपर्नेछ ।

(३) सवारी साधन प्रयोग गर्ने अनुमतिपत्रको लागि सिफारिस गर्ने तथा अनुमतिपत्र दिने अधिकारी र सवारी संख्या

<table>
<tr><th>क्र.सं.</th><th>सवारी साधन प्रयोगकर्ता</th><th>सिफारिस गर्ने निकाय</th><th>संख्या</th><th>अनुमतिपत्र जारी गर्ने निकाय वा अधिकारी</th><th>वै</th></tr>
<tr><td>१.</td><td>उम्मेदवार वा उम्मेदवारको एक जना निर्वाचन प्रतिनिधि</td><td></td><td>१. उम्मेदवारका लागि दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे वा चार पाङ्ग्रे विद्युतीय वा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन एउटा।<br>२. उम्मेदवारको एकजना निर्वाचन प्रतिनिधिका लागि दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे वा चार पाङ्ग्रे विद्युतीय वा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन एउटा।</td><td>सम्बन्धित मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत</td><td></td></tr>
<tr><td>२.</td><td>नेपाल नागरिक उडयन प्राधिकरण वा उडानसँग सम्बन्धित वायुसेवा कम्पनीहरु</td><td>नागरिक उड्डयन प्राधिकरण</td><td rowspan="4">आवश्यकता अनुसार</td><td rowspan="4">सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी</td><td rowspan="4"></td></tr>
<tr><td>३.</td><td>कुटनीतिक नियोग वा संयुक्त राष्ट्र संघका एजेन्सी वा विकास साझेदार संस्थाका नियमित कार्यालय प्रयोजनमा प्रयोग गरिने निलो नम्बर प्लेट बाहेकका सवारी साधन</td><td>परराष्ट्र मन्त्रालय</td></tr>
<tr><td>४.</td><td>अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय (नियमित कार्यालय प्रयोजन)</td><td>अध्यागमन विभाग</td></tr>
<tr><td>५.</td><td>अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय (नियमित कार्यालय प्रयोजन)</td><td>भन्सार विभाग</td></tr>
<tr><td>६.</td><td>निर्वाचन आयोग बाहेकका संवैधानिक निकायहरु</td><td>सम्बन्धित संवैधानिक निकाय</td><td>आवश्यकता अनुसार</td><td>सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी</td><td></td></tr>
</table>

प्रमुख जिल्ला अधिकारी

कार्यालय : ०२१ ५७६९०८
Website: daomorang.moha.gov.np

| | | | | |
|---|---|---|---|---|
| ७. | संवैधानिक निकायका प्रादेशिक एवं जिल्लास्थित कार्यालयहरू | सम्बन्धित संवैधानिक निकायका कार्यालय | आवश्यकता अनुसार | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी |
| ८. | निर्वाचन कार्यालय | निर्वाचन अधिकारी | आवश्यकता अनुसार | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी |
| ९. | निर्वाचन आयोगका पदाधिकारी तथा कर्मचारी | आयोगको सम्बन्धित शाखा वा इकाइ | आवश्यकता अनुसार | प्रशासन शाखा, निर्वाचन आयोग |
| १०. | साझेदार निकायहरु (UNDP/ESP, IFES) | | | |

(४) मापदण्ड बमोजिम जारी गरिएको अनुमतिपत्र बमोजिमको सवारी साधन सम्बन्धित व्यक्ति वा पदाधिकारीले मात्र प्रयोग गर्नु पर्नेछ ।

(५) मापदण्ड बमोजिम सवारी आवागमन अनुमति पत्र प्राप्त गर्ने व्यक्तिले देहायबमोजिमका शर्तहरुको पालना गर्नुपर्नेछः

(क) सवारी अनुमतिपत्र सुरक्षाकर्मीहरुले सजिलैसँग देख्ने गरी राख्नुपर्ने,

(ख) सवारीमा परिचयपत्र बाहक आधिकारिक व्यक्तिबाहेक अरुलाई राख्न नपाइने,

(ग) सवारी साधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न नपाइने,

(घ) सवारी साधनलाई मतदान केन्द्रभित्र प्रवेश अनुमति नहुने,

सवारी साधनमा असम्बन्धित व्यक्तिहरु राखेको पाइएमा वा सवारी साधनको दुरुपयोग भएको पाइएमा त्यस्तो सवारी अनुमतिपत्र तत्काल खारेज गरिनेछ।

(६) माथि उल्लेखित सवारी साधन बाहेक अन्य सवारी साधन मतदानको दिन (२०७९ मंसिर ४ गते) विहान ४:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म प्रयोग गर्न निषेध गरिएको व्यहोरा जानकारी गराइन्छ । साथै, मतदानको दिन कसैले मापदण्ड विपरीत सवारी साधन प्रयोग गरेको पाइएमा सुरक्षा निकाय तथा सुरक्षाकर्मीले त्यस्तो सवारी साधन कब्जामा लिई आवश्यक कानूनी कारबाही गर्नेछ ।

..............................
(काशिराज दाहाल)
प्रमुख जिल्ला अधिकारी